# सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०७७

स्विकृत मिति:२०७६।०२।१४

## म्याङलुङ नगरपालिका,तेह्रथुम

# सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०७७

प्रस्तावना :

घरेलु हिंसा तथा महिला हिंसावाट प्रभावित भई अलपत्र भएका प्रभावित महिलाहरुलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन र पारिवारिक मेलमिलाप कायम गराउने तर्फ सहजीकरण गर्न आवश्यक देखिएकाले प्रभावित अवधिमा सुरक्षित गर्नका लागि घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ ले गरेको व्यवस्था अनुसार म्याङलुङ नगरपालिकाले नगर कार्यक्षेत्र भित्र र सदरमुकाम क्षेत्रमा घरेलु हिंसाबाट पीडित महिलाहरूलाई तत्काल अल्पकालीन सेवा र सुविधा पुऱ्याउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा २ वमोजिम यो सुरक्षित आवास गृह संञ्चालन कार्यविधि २०७७ तयार गरी लागु गरेकोछ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सुरक्षित आवास गृह संचालन कार्यविधि २०७७" रहेकोछ । यो कार्यविधि म्याङलुङ नगरकार्यपालिकाको वैठकवाट पारित भए पश्चात लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले म्याङलुङ नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले म्याङलुङ नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "सुरक्षित आवास गृह" भन्नाले म्याङलुङ नगरपालिकाद्धारा आफै वा स्थानीय सेवा प्रदायक संस्था संगको साझेदारीमा तथा समन्वयमा संचालन आश्रय स्थल सहितका भएको सुरक्षित आवास गृहलाई सम्झनु पर्दछ ।

(च) "प्रभावित" भन्नाले घरेलु हिंसा वा महिला हिंसामा परि घरवाट निकालिएका वा घरमा वस्न नसक्ने अवस्था भई वाहिरिएका वेसहारा भई अलपत्रमा परेका हिंसा खेपेका महिलाहरु लाई वुझ्नु पर्ने ।

छ) "स्थानीय सेवा प्रदायक" भन्नाले सुरक्षित आवास गृह संचालन गर्न प्रस्ताव गरी छनौट भएको संस्थालाई वुझ्नु पर्दछ ।

## परिच्छेद- २
## उद्देश्य र क्षेत्र

३. उद्देश्य :

महिलाको हितमा कार्यरत संस्थाहरूको समन्वयमा महिला हिंसाविरुद्ध सामाजिक जागरण ल्याउनुका साथै पीडित महिलाका लागि यथाशक्य उपचारात्मक सेवाहरू सुलभ गराएर न्याय दिलाउनु सुरक्षित आवास गृहको उद्देश्य हुनेछ । उपचारात्मक अवधिमा आवश्यक सुरक्षाका लागि  सुरक्षित आवास गृहमा राखिनेछ ।

४. कार्यक्षेत्र :

१) म्याङलुङ नगरपालिका तथा जिल्लाको सदरमुकाम क्षेत्र सुरक्षित आवास गृहको कार्यक्षेत्र हुनेछ ।
२) यस सुरक्षित आवास गृहमा जिल्लाका सवै स्थानीय तहसंग समन्वय गरी संयुक्त रुपमा जिल्ला सदरमुकाममा रहने गरी पनि संचालनमा ल्याउन सकिनेछ । यसका लागि जिल्लाका सवै स्थानीय तह र जिल्ला समन्वय समितिसंग समन्वय गरिनेछ ।

## परिच्छेद- ३
## समन्वय निर्देशक, समितिको काम कर्तव्य र अधिकार

५.समन्वय समिति : (१) नगरपालिकाले म्याङलुङ नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा तपसिल अनुसारको स्थानीय समन्वय समिति गठन को व्यवस्था गरिएकोछ :

अध्यक्ष : नगर प्रमुख
सदस्य : नगर उपप्रमुख
सदस्य : सामाजिक विकास समिति संयोजक
सदस्य :प्रमुख प्रशासकीय अधिकृत
सदस्य :प्रहरी प्रमुख
सदस्य :स्वास्थ्य प्रमुख
सदस्य : शिक्षा शाखा प्रमुख
सदस्य : लैगिक समानता तथा सामाजिक सुरक्षा उपशाख प्रमुख
सदस्य गैसस महासंघ नेपाल जिल्ला अध्यक्ष
सदस्य सचिव : सामाजिक विकास शाखा प्रमुख

(२) यस सुरक्षित आवास गृहमा सहकार्य गर्ने जिल्लाका अन्य स्थानीय तहका प्रतिनिधिहरु समन्वय समितिमा सदस्य रहने छन ।

६. समन्वय समितिको काम, कर्तव्य, अधिकार : सुरक्षित आवास गृह संचालनको नियमिति सुपरभिजन तथा अनुगमन र सहजीकरणका लागि गठित समन्वय समितिको काम, कर्तव्य, अधिकार देहाय अनुरुप हुनेछ ।

क) सुरक्षित आवास गृह संचालनका लागि आवश्यक सेवा प्रदायक संस्था छनौट गर्ने गराउने ।
ख) सुरक्षित आवास गृह संचालनका लागि आवश्यक स्थान छनौट र उर्पयुक्त वातावरणका लागि पहल गर्ने ।
ग) सुरक्षित आवास गृह संचालनको मापदण्ड तोके वमोजिम भए नभएको हेर्ने आवश्यक भएका मापदण्ड तोक्ने ।
घ) मापदण्ड अनुरुप संचालन भए नभएको अनुगमन गरि निर्देशन समितिलाई आवश्यक सुझाव दिने ।
ड) मापदण्ड भन्दा वाहिर गएर संचालन गरेमा आवश्यक कारवाही गर्ने ।
च) राम्रो काम भएमा स्रोत साधनका साथै सहकार्य का लागि आवश्यक सहयोग पुर्‍याउने ।
छ) सुरक्षित आवास गृह संचालन का खर्च मानक (दर) तोक्ने र आवश्यक वजेट रकम स्विकृति प्रदान गर्ने ।

७.निर्देशन समिति : सुरक्षित आवास गृहको संचालनको मार्गदर्शन गर्न, प्रदत्त सेवाहरुको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा प्रदायक माझ सहकार्यलाई अभिवृद्धिका लागि समेत स्थानीय तह समन्वय समितिवाट तपसिल अनुसारको निर्देशन समितिको गठन गर्न सक्नेछ ।

लैगिक समानता तथा सामाजिक सुरक्षा उपशाख प्रमुख संयोजक,
न्याय, कानुन तथा मानव अधिकार कर्मी मध्ये समन्वय समितिले तोकेको १ जना सदस्य,
आधारभुत स्वास्थ तथा सरसफाई उपशाखा प्रमुख सदस्य,
हिंसा विरुद्ध कार्यरत महिला अधिकारकर्मी र संचारकर्मीहरुवाट निर्देशन समितिले मनोनित गरेका ३ जना सदस्य,
सुरक्षित आवास गृहको संचालक प्रमुख सदस्य सचिव ।

८. निर्देशन समितिको काम, कर्तव्य, अधिकार : सुरक्षित आवास गृहको नियमित संचालन भए नभएको तथा कार्य प्रगति र प्रभाव आदि कार्यको सुपरभिजन, अनुगमन र मापदण्ड अनुसार संचालनका लागि आवश्यक सहजीकरण गर्न निर्देशन समितिको काम कर्तव्य र अधिकार देहायवमोजि हुने छ ।
क) सुरक्षित आवास गृह संचालन गरि रहेको संस्थाको नियमित कार्यको सुपरभिजन तथा अनुगमन गर्ने ।
ख) सुरक्षित आवास गृह संचालनमा भएका कार्य प्रगति र समस्याहरुका वारेमा आवश्यक सहजीकरण गर्ने ।
ग) सुरक्षित आवास गृह तोकेको मापदण्ड अनुसार संचालन भए नभएको हेरी सो अनुरुप गर्न लगाउने ।
घ) सुरक्षित आवास गृहको प्रगति र सुधार लगायतका आवश्यक कार्य विवरण समन्वय समितिलाई जानकारी गराउने ।
ड) सुरक्षित आवास गृहलाई आवश्यक परामर्श र प्राविधिक सहयोग पुर्‍याउने ।
च) सुरक्षित आवास गृह संचालनका लागि लाग्ने आवश्यक वजेट तथा प्रस्तावित कार्य र रकम स्विकृतिका लागि समन्वय समितिमा पठाउने ।

## परिच्छेद- ४
## सुरक्षित आवास गृहको कार्य जिम्मेवारी

९. कार्य जिम्मेवारी : सुरक्षित आवास गृहको संचालन गर्ने सेवा प्रदायक संस्थाले निभाउने कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।
(क) निर्धारित प्रक्रियाबाट प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको बस्ने-खाने व्यवस्था सहितको आश्रय केन्द्र सञ्चालन गर्ने;
(ख) उपदफा (क) बमोजिम आश्रित महिलाको अवस्था अनुसार निजलाई निम्न लिखित सेवाहरू प्रदान गर्ने ।
- लागेको चोटपटकको औषधोपचार;
- मनोसामाजिक विमर्श;
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा;
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क र
- समन्वय समितिले तोकेका अन्य सेवा;

(ग) गम्भीर प्रकृतिको घटना भएको अवस्थामा वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार दफा ५ को उपदफा (ख) बमोजिमका सेवा प्रदान गर्ने;

(घ) प्रभावित महिलालाई सुरक्षित आश्रय आवश्यक नपर्ने तर दफा ५ को उपदफा (ख) मा उल्लेखित सेवाको आवश्यकता परे निर्धारित प्रक्रिया बाट आवश्यक सेवा दिन सकिने;

(ड.) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुर्नःमिलन,वैकल्पिक पुर्नःस्थापनाका लागि सम्प्रेषकलाई समन्वय गरी फिर्ता गर्ने;

(च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक संमस्या भई थप मनोसामाजिक विमर्श आवश्यक परेमा, कानुनी उपचार चाहेमा उक्त सेवा प्रदान गर्न सकिने;

(छ) प्रभावित महिलालाई सम्प्रेषक कहाँ फिर्ता पठएपछि निजको अवस्था अनुसार पारिवारिक पुर्नमिलन गराई हकभोग दिलाउने तथा घटनाको पुनरावृत्ति नहोस् भनी निगरानी, अनुगमन लगायत यथाशक्य सहजीकरण गर्ने

(ज) स्थानीय तहका अन्य संघ संस्था संग निरन्तर सम्पर्क समन्वय गर्ने;

(झ) प्रभावित महिलाको विभिन्न सेवामा पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायक मांझ समन्वय एवं सञ्जालीकरण गर्ने;

(ञ) सरोकारवाला निकायहरू, महिला संस्था समितिहरुको सहकार्यमा विभिन्न कार्यक्रमका माध्यमबाट घरेलु ज्यादती विरोधी सामाजिक जागरुकता बढाउने;

(ट) सुरक्षित आवास गृहको मासिक, चौमासिक र वार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी महिला बालबालिका तथा सामाजिक शाखामा पेश गर्ने;

(ठ)घरेलु हिंसाको रोकथामका लागि घटना घटि हालेको खण्डमा छिमेकी र समुदायका अगुवाले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने;

(ड) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकता अनुसार त्यसमा मद्दत गर्ने;

(ढ) पारिवारिक पुर्नःमिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित महिलाका हकमा जीविकोपार्जन अनुदानको रूपमा आर्थिक सहायता उपलब्ध गराउने तथा पहल गर्ने,

(ण) सुरक्षित आवास गृहको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भएमा नगरपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**१०.सेवा लिने प्रक्रिया :**

(क) प्रभावित महिलाको मौखिक वा लिखित निवेदन,

(ख)सुरक्षित आवास गृहको कार्यक्षेत्र भित्रका महिला संस्था वा अन्तर्गतको निकायको तर्फबाट भई आएको सिफारिस;

(ग) खण्ड (ख) मा उल्लिखित समिति, संस्था नभएको कार्यक्षेत्रको हकमा सुरक्षित आवास गृहसँग समन्वयमा कार्य गर्ने सामुदायिक संस्थाको सिफारिस;

(घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको सिफारिस;

सम्प्रेषकको तर्फबाट सुरक्षित आवास गृहमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनु पर्दछ र प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरूको विवरण समेत खुलाउनु पर्दछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा प्रभावित महिलालाई एक्लै पठाउनु हुँदैन;सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुई जनासम्म साथ लगाएर पठाउनु पर्दछ। साथै साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्दछ ।

११. सुरक्षित आवास गृहमा आश्रय दिन सकिने अवधि :अल्पकालिन सेवा केन्द्रमा प्रभावीत लाई देहायको अवधि सम्म राख्न सकिनेछ

क) प्रभावित महिलाका हकमा सुरक्षित आवास गृह अन्तर्गत ३० दिनसम्म र विशेष अवस्थामा समन्वय समितिको निर्णय गरेको अवस्थामा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित आश्रयमा राख्न सकिनेछ ।

ख) सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिलालाई माथि उल्लिखित अवधि सम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ ।

ग) प्रभावित महिलाको साथमा आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ

घ) उपर्युक्त अनुसार सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा विताएको दिन जति कटाउन सकिनेछ ।

## परिच्छेद- ५
## सुरक्षित आवास गृहको मापदण्ड

१२. सुरक्षित आवास गृहको न्यूनतम मापदण्ड : सुरक्षित आवास गृहका लागि आवश्यक हुने आश्रय केन्द्रको मापदण्ड देहाय वमोजिम हुनेछ ।

(क) परिसर : आवास गृह परिसर देहाय बमोजिम हुनु पर्दछ :

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;
- हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको;
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र
- सुरक्षाको दृष्टिकोणले उपर्युक्त स्थान ।

(ख) आवास गृह : आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ :

- दुवैपट्टि झ्याल राखिएको हावा खेल्ने कोठाहरू;
- एकजना भए प्रति व्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space);
- प्रत्येकका लागि छुट्टाछुट्टै खाट;
- प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्री कोठा;
- भुईंमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोद प्रमोदका लागि साझा कक्ष (Common Room); शौचालय तथा स्नानकक्ष;
- सुविधा उपलव्ध भएका स्थानमा साझा टेलिफोन र टेलिभिजन;
- ठाउँ हेरी पङ्खा, हिटर;
- स्रोत हेरी पर्याप्त पानी;

▪ नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;

▪ तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र

▪ सुरक्षाका लागि आवश्यकता अनुसार पालोपहरा ।

(ग) लुगाफाटो :भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगा फाटोको व्यवस्था हुनुपर्दछ :

▪ दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोल समेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;

▪ एक-एक जोर चप्पल र

▪ नभएका लाई एकसरो लगाउने लुगा ।

(घ) खानेकुरा दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ :

▪ विहान चियासँगै हल्का खाजा;

▪ दिउँसो खाना;

▪ अपरान्ह पूर्ण खाजा सँगै चिया;

▪ बेलुकी खाना;

▪ मांसाहारीका लागि सातामा दुईपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र

▪ उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

▪ बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ,

(ङ) स्वास्थ्योपचार स्थानीय तह समन्वय समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनु पर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

▪ प्राथमिक उपचार बाकस;

▪ समस्या हेरी नियमित उपचार;

▪ आकस्मिक उपचार र

▪ बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप ।

(च) मनोसामाजिक विमर्श स्थानीय तह समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक ( Counsellor) बाट देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्ने :

▪ संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;

▪ संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र

▪ सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(छ) कानुनी सेवा देहायमा उल्लेखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउने :

▪ प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र

▪ प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

(ज) सुरक्षित आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ प्रभावित महिलालाई ममतामय, सहानुभूति पूर्ण एवं सम्मान जनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचार संहिता;

- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- सुरक्षित आवास गृहमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- निर्देशन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था ।

(झ) जनशक्ति : सुरक्षित आवास गृहमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको पुरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

- आवास गृह प्रमुख एकजना, चौकीदार एकजना र भान्छे, सरसफाइकर्मी आवश्यकता अनुसार र
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार ।

(ञ) अभिलेख : सुरक्षित आवास गृहले देहाय बमोजिम अभिलेख राख्नु पर्दछ :

- प्रभावित महिलाको नाम दर्ता किताब;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब;
- प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- दोहोरो लेखा प्रणालीमा आवास गृहको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;
- निर्देशन समितिको निर्णय किताब;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत र प्रगति प्रतिवेदन,अनुशरण रेकर्ड ।
- समन्वय समितिले तोकेको अन्य अभिलेख ।

## परिच्छेद-६
## सुरक्षित आवास गृहको खर्च मानक र भूक्तानी

१३. खर्चका मानक : सुरक्षित आवास गृहबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

(क) मालसामान : डसना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामान मध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैयया क्षमता समेतको विचार गरी साधारणतया रु.१ लाख ननाघ्ने गरी निर्देशन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

(ख) औषधोपचारः निर्देशन समितिले तोकेको अस्पतालमा उपचार गराउँदा बिरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आते जाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्च बापत जम्मा रु. ५,००० सम्म;

■ अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्च बापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ४०० गरी जम्मा रु. ७,५०० सम्म;

■ विशेष अवस्थामा निर्देशक समितिले विशेष निर्णय गरेमा थप रु. ५,००० सम्म;

(ग) कानुनी उपचार : एक जना साथी समेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा बापत साथी समेतको जोडेर निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

■ सामान्य अवस्थामा प्रति व्यक्ति रु. २,५०० सम्म;

■ विशेष अवस्थामा निर्देशक समितिले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

(घ) फुटकर : सुरक्षित आवास गृहमा रहेको दिन जति प्रभावित महिलालाई मात्र फुटकर खर्च बापत प्रति व्यक्ति दैनिक रु. २५;

(ङ) फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्च बापत प्रतिव्यक्ति रु.१५० र बास बस्नु पर्नेमा बस्ने खाने खर्च बापत प्रति व्यक्ति दैनिक रु.४००;

(च) खानेकुरा : सुरक्षित आवास गृहमा रहेको अवधि भरि प्रभावित महिला र साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु. ४००;

(छ) मनोसामायिक विमर्श : प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रति व्यक्ति रु. १,००० सम्म;र विशेष अवस्थामा प्रतिव्यक्ति रु. २५००,

(ज) लुगाफाटो : प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएको अवस्थामा न्यूनतम रूपमा नभइ नहुने अत्यावश्यक लुगाफाटो किन्न प्रति व्यक्ति रु.१५०० सम्म,

(झ) जीविकोपार्जन अनुदान : माथि ४.(ढ) मा उल्लिखित अवस्थामा जीविकोपार्जन अनुदान बापत प्रति प्रभावित महिला परियोजना हेरी रु.२५००० ननाघ्ने गरी सम्बन्धित सुरक्षित आवास गृहको निर्देशक समितिले उपलब्ध स्रोत समेतको विचार गरी स्वीकृत गरेको रकम सम्म र

(ञ) व्यवस्थापन खर्च : जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समीक्षा र सुरक्षित आवास गृहका गतिविधि समेतको खर्च बापत का लागि रु. ३ लाख ३० हजार ननाघ्ने गरी पुष्ट्याइँका आधारमा औचित्य समेत हेरी निर्देशक समितिले स्वीकृत गरेको एकमुष्ट रकम र

(ट) बैठक खर्च : निर्देशन समितिको बैठक सञ्चालन खर्च बापत अधिकतम रु. ३६,००० ।

१४. भुक्तानी : सुरक्षित आवास गृहको खर्च संझौता भएपछि समन्वय समितिले निर्णय गरी माग गरेको आधारमा देहाय बमोजिम भुक्तानी गरिनेछ :

(क) माथि १३. (क) मा उल्लिखित खप्ने मालसामान बापतको रकम सुरुमा एकैमुष्ट;

(ख) माथि १३.(ञ) मा उल्लिखित व्यवस्थापन खर्च बापतको रकम मासिक किस्तामा;

(ग)सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरको रकम सुरु मै,

(घ) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि पेस गरेको प्रगति र खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका आधारमा शोधभर्ना स्वरूप ।

कार्यविधि संशोधन : यस कार्यविधिमा आवश्यक संशोधन म्याङलुङ नगरपालिकाको नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १
## सेवा प्रदायक संस्था र स्थानीय तह विच गर्ने सम्झौता

### सुरक्षित आवास गृह संचालन गराउने सम्बन्धमा म्याङलुङ न.पा.र संचालक ............................ संस्था बीचको
### सम्झौता पत्र

म्याङलुङ नगरपालिका (प्रथम पक्ष) र ... ... ... ... .. ... ... ... ......संस्था (यसपछि दोश्रो पक्ष भनिएको ) बीच समन्वय समितिको रेखदेख, र निर्देशन समितिको मार्गदर्शनमा घरेलु हिंसाबाट प्रभावित महिलाका लागि महिला संस्थाहरूको समन्वयमा अल्पकालीन आश्रय सहित .................... ... मा सुरक्षित आवास गृह स्थापना तथा सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलका शर्तहरू एक आपसमा पालना गर्ने गरी यो सम्झौता पत्रमा सहीछाप गरी एक एक प्रति बुझी लियौ दियौ ।

**तपसिल :**

१) संस्थाले समन्वय समितिबाट तय भए बमोजिम .....................मा .......... शैयाको सुरक्षित अल्पकालीन आश्रयको सुविधा समेत घरेलु हिंसाबाट प्रभावित महिलाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहुंचका लागि आवश्यक सहयोग गर्न र समुदायस्तरका सेवा केन्द्रहरू संग समन्वय गरी सामाजिक जागरण, पारिवारिक पुर्नमिलन एवं पुर्नःस्थापनाका कार्यहरूमा सहजीकरण गर्न सुरक्षित आवास गृह सञ्चालन गर्नेछ ।

२) बुंदा (१) मा उल्लेखित कार्यका सिलसिलामा प्रभावित महिलाले प्राप्त गर्नुपर्ने सेवाका न्युनतम मापदण्ड, खर्चका मानक एवं संस्थाको उत्तरदायित्व लगायतका अन्य कुरा अनूसूचीमा दिइएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) बमोजिम हुनेछ, जुन यो सम्झौता पत्रको अभिन्न अंग मानिनेछ ।

३) बुदा (१) मा उल्लेखित सबै प्रकारका सेवाहरू प्रभावित महिलाका हकमा निःशुल्क हुनेछन् ।

४) बुदा (१) मा उल्लेखित कार्यहरू सम्पादन गर्दा संस्थाले प्रभावित महिलाको अधिकारको उच्चतम सम्मान गर्नेछ तथा बुंदा (२) मा उल्लेखित कार्य क्षेत्रगत शर्तमा निर्धारित गृह परिसरको सुरक्षा लगायतका न्यूनतम मापदण्डहरूको पुर्ण पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरूको स्थापना, कर्मचारी, कामदारको प्रशिक्षण,आचार संहिताको निर्धारण, आन्तरिक सुपरीवेक्षण र गुनासो सुनुवाईको समुचित व्यवस्था मिलाइनेछ ।

५) संस्थाले प्रत्येक आ.व.को असार मसान्तसम्म अविच्छिन्न रूपमा बुंदा (१) मा उल्लेखित सेवाहरू सञ्चालन गर्नेछ ।

६. बुंदा (५) मा उल्लेखित अवधि सम्म बुंदा (१) मा उल्लेखित सेवाहरू सञ्चालन गर्न संस्थालाई निर्देशन समितिको निर्णय आधारमा देहाय बमोजिम कार्यक्रम अनुदान प्रदान गर्नेछ ।
(क) खप्ने मालसामान बापतको रु. .........सुरु मा एकैमुष्ट ।
(ख) व्यवस्थापन खर्च बापतको जम्मा रु. ... ... मा महिनाबारी रु. ....... का दरले महिनाको सुरु मै ।
(ग) निर्देशन समितिको बैठक सञ्चालन खर्च बापतको जम्मा रु. .......... मा चौमासिक रु. ... ......... का दरले चौमासिक भित्र ।
(घ)सेवा सञ्चालनका प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरीको रकम सुरु मै ।
(ङ) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि शोधभर्ना स्वरूप

७ बुंदा (६) को उपदफा (ङ) बमोजिम शोधभर्ना माग गर्दा संस्थाले स्थानीय समन्वय समितिबाट तय भए बमोजिम स्थानीयले तोकेको ढांचामा मासिक प्रगति, खर्चको फांटबारी र सम्प्रेषण, संरक्षण एवं फिर्ता सम्प्रेषणको मिति, अवधि, स्थान खुलेको सम्बन्धित प्रभावित महिलाको हस्ताक्षर सहितको नामावली लगायतका खर्च पुष्टि गर्ने कागजातको नक्कल पेस गर्नुपर्नेछ ।

८. बुंदा (६) को उपदफा (घ) बमोजिम सेवा सञ्चालनको प्रयोजनार्थ संस्थालाई प्रदत्त रकम संस्थालाई प्रदान गर्नु पर्ने अन्तिम महिनाको व्यवस्थापन खर्च बापतको रकमबाट कट्टा गरी फछर्यौट गरिनेछ ।

९. संस्थाले सम्प्रेषणको क्रममा वा संरक्षणमा रहुन्जेल समन्वय समितिले तय गरे बमोजिम स्थानीयले तोकेको प्रकृतिको स्वास्थ्य उपचार गराउनु पर्ने प्रभावित महिलाको हकमा त्यसै गरी तोकिएको अस्पताल वा स्वास्थ्य केन्द्रबाट सोको समुचित व्यवस्था गर्नेछ ।

१०. संस्थाले यो सम्झौता-पत्र बमोजिम कार्यसम्पादन गर्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पुष्टी गर्ने कागजातका साथै सम्बन्धित प्रभावित महिलाको नाम दर्ता किताव लगायत प्रदत्त सेवाहरूको सम्पुर्ण विवरण खुल्ने गरी ठीक, दुरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ तथा स्थानीय समन्वय समिति वा स्थानीय तहले मागेका बखत उपलब्ध गराउनेछ ।

११. वुंदा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित प्रभावित महिलाको व्यक्तिगत एवं संवेदनशील विवरणको गोपनीयता कायम राख्नेछ ।

१२. समन्वय समिति वा स्थानीय तहले यो सम्झौता-पत्र बमोजिम संस्थाले सम्पादन गरेका कार्यहरूको सम्बन्धमा यथार्थ स्थिति बुझ्न जुनसुकै बेला सुरक्षित अल्पकालीन आश्रय परिसर लगायतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं सम्बन्धित प्रभावित महिलाको प्रतिक्रिया बुझ्न तथा सुधार गर्नु पर्ने कुरामा सुधार गर्न सुझाव दिन सक्नेछ ।

१३. यो सम्झौता-पत्रको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बुंदा (७) बमोजिम पेस गर्नुपर्ने विवरण वा कागजात पेस नगरेको वा झुटो विवरण वा कागजात पेस गरेको वा बुदा (१२) बमोजिम स्थलगत निरीक्षण गर्दा यो सम्झौता-पत्र बमोजिम पालना गर्नु पर्ने शर्तहरू पालना नगरेको देखिएको वा दिइएको मनासिब सुझावको कार्यान्वयन नगरेको खण्डमा स्थानीय तहले संस्थालाई दिनुपर्ने शोधभर्ना वा अन्य कुनै रकम तत्काल रोक्का राखी स्थानीय समन्वय समितिको निर्णँयानुसार त्यस्तो शर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ ।

१४. यो सम्झौता-पत्र प्रत्येक आ.व.को ………………. असार मसान्त सम्म मान्य हुनेछ ।

१५. बुंदा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समन्वय समितिको तर्फबाट सम्पन्न छानविन पछि संस्थाले बुंदा (२) मा उल्लेखित कार्य क्षेत्रगत शर्तको गम्भीर उल्लङ्घन गरेको पाइएमा समन्वय समितिको निर्णयले स्थानीय तहले कुनै पनि बेला यो सम्झौता-पत्र रद्द गर्न सक्नेछ ।

१६. यो सम्झौता-पत्रको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आवश्यकता अनुसार स्थानीय समन्वय समितिको संयोजनमा दुवै पक्षको आपसी सहमतिबाट त्यस्तो विवादको निरूपण गरिनेछ ।

१७. बुंदा (१६) बमोजिम विवादको निरूपण हुन नसकेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

इति सम्बत् … … साल ….. … महिना … गते रोज … शुभम् ।

| | |
|---|---|
| **संस्थाको तर्फबाट**<br>**दस्तखत :**<br>**नाम, थर :**<br>**पद :**<br>**साक्षी**<br>**दस्तखत :**<br>**नाम :**<br>**ठेगाना :** | **स्थानीय तहको तर्फबाट**<br>**दस्तखत :**<br>**नाम, थर :**<br>**पद :**<br>**दस्तखत :**<br>**नाम :**<br>**ठेगाना :** |